गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल

# जनस्वास्थ्य बुलेटिन

वर्षः ४ | अंकः ३१ | महिनाः ३१ | भाद्र २०८३

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## सेवा करारमा मेडिकल अधिकृत पदपुर्ती सम्बन्धि सूचना

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतले आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फलेवास नगर अस्पतालका लागि सेवा करारमा मेडिकल अधिकृत पदपूर्ति गर्न सूचना प्रकाशित गरेको छ। इच्छुक तथा योग्य उम्मेदवारहरूले आवश्यक कागजातसहित तोकिएको प्रक्रियाअनुसार आवेदन दिनुहुन अनुरोध छ। विस्तृत जानकारीका लागि प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको वेबसाइट हेर्नुहोस्।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल

प.स. २०८३/८४
च.नं:

**सेवा करारमा मेडिकल अधिकृत पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/२२)

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमको आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम अन्तर्गत फलेवास नगर अस्पतालका लागि मेडिकल अधिकृत पद सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उमेद्वारहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवश्यक कागजात सहितको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | सेवा/तह | न्युनतम शैक्षिक योग्यता | आवश्यक संख्या |
|---|---|---|---|---|---|
| १ | ०१-०८३/८४ | मेडिकल अधिकृत | प्रदेश स्वास्थ्य सेवा, आठौं तह | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उर्तिण गरेको | १(एक) |

१. दरखास्त फारम: प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको वेबसाईट https://hoparbat.gandaki.gov.np बाट वा फेसबुक पेज मार्फत डाउनलोड गरी भरेर आवश्यक कागजात सहित प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा पेश गर्न सकिनेछ।
२.संलग्न गर्नुपर्ने आवश्यक कागजात: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपि, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, अनुभव भएको हकमा अनुभव र तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि ।
३.दरखास्त दस्तुरः रु १२००/- मात्र नेपाल बैंक कुश्मा शाखा कार्यालय कोड नं ३७००१४२०३४ राजश्व खाता नं २७३०२००००१००१००००१ राजश्व शिर्षक नं १४२२४ (परीक्षा शुल्क) मा जम्मा गरेको सक्कल भौचर ।
४.परिक्षाको किसिमःअन्तर्वार्ता ।
५.अन्तर्वाताको मितिः पछि प्रकाशित गरिनेछ ।
६.तलबः गण्डकी प्रदेश सरकारले तोके बमोजिम अधिकृत आठौं तहको शुरु तलब स्केल ।
७.उम्मेदवार हुनको लागि योग्यताः
(क) नेपाली नागरिक भएको हुनुपर्ने ।
(ख) उमेरको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ
(ग) भ्रष्टाचार सम्बन्धी मुद्दामा अदालतबाट सजाँय नपाएको हुनुपर्नेछ ।
८.अन्य विस्तृत जानकारीको लागि यस कार्यालयका सूचना अधिकारीको सम्पर्क नं ९८५७६४४१६२ वा कार्यालयको वेव साईट https://hoparbat.gandaki.gov.np मा हेर्न सकिनेछ ।

कार्यालय प्रमुख



# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान

श्रीमान् प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलज्यूको अभिभावकत्व तथा प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको संयोजनमा पर्वत जिल्लामा डेंगु रोग नियन्त्रण तथा रोकथामका लागि 'लामखुट्टेको बासस्थान खोज र नष्ट गर' अभियान निरन्तर संचालन भइरहेको छ। अभियानमा नेपाल प्रहरी, सशस्त्र प्रहरी कुश्मा नगरपालिका, स्थानीय तह, जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायत विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको छ। डेंगु सार्ने लामखुट्टेको सम्भावित प्रजननस्थल पहिचान गरी पानी जम्न सक्ने स्थानहरू नष्ट गर्ने तथा समुदायमा डेंगु सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यलाई अभियानले प्राथमिकता दिएको छ। सदरमुकाम कुश्मामा हप्ताको २ दिन तथा अन्य स्थानीय तहमा हप्ताको १ दिन गर्ने गरी योजना गरिएको यो अभियान असोज महिनाको १५ गते सम्म जिल्लाभरी संचालन गरिनेछ ।
यस अभियानलाई सफल बनाउन हामी निरन्तर लागिरहेका छौं। हजुरहरूले पनि आफ्नो घर, आँगन तथा घर वरिपरि सरसफाइ गरी पानी जम्ने ठाउँहरू हटाउनुभएको छ त? आजै आफ्नो घर वरिपरि खोजौं, पानी जमेको स्थान हटाऔं र लामखुट्टेको बासस्थान नष्ट गरौं।

**"डेंगुबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय 'पानी जम्न नदिऔं, लामखुट्टे बढ्न नदिऔं।"**













## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## आ.व. २०८२/०८३ को पालिका स्तरीय स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षामा सहजीकरण

आ.व. २०८२/०८३ मा मोदी, पैयुँ, विहादी, जलजला र फलेवास स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट सम्पादित स्वास्थ्य कार्यक्रमहरूको पालिका स्तरीय वार्षिक प्रगति समीक्षा कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको सहभागिता तथा सहजीकरण रहेको थियो। उक्त समीक्षा कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतबाट सहभागिता जनाई स्वास्थ्य कार्यक्रमका प्रमुख सूचकहरूको प्रगति, उपलब्धि तथा कार्यसम्पादनको समीक्षा गर्न सहजीकरण गरिएको थियो। साथै, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी आगामी वर्ष स्वास्थ्य सेवाको गुणस्तर तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक सुझाव, मार्गदर्शन तथा समन्वय गरिएको थियो। समीक्षा कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

.


















# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## स्वागत कार्यक्रम

स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशबाट छात्रवृत्ति करार सेवा मार्फत प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा सेवा गर्न पाल्नु भएका जनस्वास्थ्य अधिकृत  निर्मला  थापालाई हार्दिक स्वागत साथै सफल कार्यकालको शुभकमना व्यक्त गर्दछौं ।










## निजी स्वास्थ्य संस्था अनुगमन

कुश्मा नगरपालिका क्षेत्रभित्र संचालित निजी स्वास्थ्य संस्था तथा दन्त क्लिनिकहरूको सेवा सञ्चालन अवस्था, सेवा प्रवाहको गुणस्तर, आवश्यक भौतिक पूर्वाधार तथा प्रचलित मापदण्डको पालना भए/नभएको सम्बन्धमा स्थलगत अनुगमन तथा निरीक्षण गरिएको थियो। अनुगमनका क्रममा संस्थाहरूलाई सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिएको थियो। साथै, नयाँ दर्ता भएका स्वास्थ्य संस्थाहरूलाई दर्ता प्रमाणपत्र प्रदान गरिएको थियो भने दर्ता तथा नवीकरण गर्न बाँकी रहेका स्वास्थ्य संस्था तथा दन्त क्लिनिकहरूलाई आवश्यक प्रक्रिया पूरा गरी दर्ता तथा नवीकरण गर्न अनुरोध गरिएको थियो।

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### जनताको गुनासो सम्भोधनका लागि स्थलगत अनुगमन

जनताको स्वास्थ्य सेवासम्बन्धी गुनासो तथा समस्याको प्रत्यक्ष जानकारी लिई प्रभावकारी रूपमा सम्बोधन गर्ने उद्देश्यले जलजला गाउँपालिका -४, भवानीपानी, पर्वतमा स्थलगत अनुगमन गरिएको छ। अनुगमनका क्रममा स्थानीयवासी तथा सेवाग्राहीसँग स्वास्थ्य सेवासम्बन्धी गुनासो, समस्या तथा आवश्यकताबारे जानकारी लिई समस्या समाधान तथा स्वास्थ्य सेवा प्रवाहमा सुधारका लागि आवश्यक सहजीकरण र सुझाव प्रदान गरिएको छ।








## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### नियमित खोप वितरण

नियमित खोप कार्यक्रम अन्तर्गत लक्षित बालबालिकालाई राष्ट्रिय खोप तालिकाअनुसार आवश्यक खोपहरू नियमित रूपमा वितरण तथा प्रदान गरिएको छ। खोप सेवामार्फत बालबालिकालाई विभिन्न खोपबाट बचाउन सकिने रोगहरूबाट सुरक्षित राख्न तथा नियमित खोप सेवाको पहुँच सुनिश्चित गर्न पहल गरिएको छ।

# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## विद्यालय स्वास्थ्य शिक्षा

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत तथा जिल्लाका सम्पूर्ण स्थानीय तह र स्वास्थ्य संस्थाको सहकार्यमा संचालन भईरहेको हरेक महिना एक स्वास्थ्यकर्मी एक स्वास्थ्य शिक्षा" अभियान अन्तर्गत २०८३ भदौ महिनाको लागि २ बिषय मध्ये पहिलो बिषय डेंगु रोग नियन्त्रण र दोस्रो बिषय सर्पदंश संग सम्बन्धित रहेर तयार गरिएको स्वास्थ्य शिक्षा सामाग्री










# प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

## चेतनामूलक सामग्रीहरु









## पर्वत जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा भाद्र महिनामा सम्पादित कार्यक्रम

### कुश्मा नगरपालिका

- स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था प्रमुखहरूको नियमीत मासिक बैठक,डाटा भेरिफिकेशन सम्पन्न।
- डेंगी रोगको बिरूद्ध खोज तथा नष्ट गर अभियान सरोकारवाला सबैको सहभागितामा वडा नं १,२,४,५,६,७,९,१०,१२ संचालन गरियो ।
- १४ वटै वडाका माध्यमिक विध्यालयहरूमा डेंगी रोग बारे स्वास्थ्य शिक्षा दिईयो।
- HPV खोपको पालिका स्तरिय अभिमुखिकरण तथा योजना तर्जुमा गर्ने कार्य सम्पन्न।
- कुश्मा नगरपालिका तथा जिभाया नेपालको बिचमा समन्वयात्मक बैठक समपन्न।

### पैयुँ गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।
- गर्भवतीसंग USG कार्यक्रमको निरन्तरता।
- स्वास्थ्य संस्थाहरूले आ.व. २०८२/८३ मा सम्पादन गरेका कार्यक्रमहरूको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न।
- HPV खोप संचालनको लागी गाउँपालिका स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- डेङ्गी सार्ने लामखुट्टेको वास स्थान खोजौ र नष्ट गरौ अभियान सम्पन्न।
- डेङ्गी रोग रोकथाम सम्बन्धि विद्यालय स्तरमा तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा प्रदान गर्ने कार्यक्रम सम्पन्न।

### मोदी गाउँपालिका

- मोदी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य चौकी प्रमुख तथा स्वास्थ्य तथा जनसंख्या उपशाखामा कार्यरत स्वास्थ्यकर्मिहरुको मासिक बैठक कार्यक्रम गरिएको छ ।
- मोदी गाउँपालिका स्वास्थ्य तथा जनसंख्या उपशाखा बाट आर्थिक बर्ष २०८२।०८३ मा सम्पादित कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको ।
- स्वास्थ्य बार्षिक प्रतिबेदन २०८२/०८३ प्रकाशन कार्य सम्पन्न भएको ।
- विद्यालय केन्द्रित एचपिभी खोप कार्यक्रम अन्तर्गत पालिका स्तरिय खोप समन्वय समितिको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।
- मोदी गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुका सि.सि.टी.भी जडान कार्य भईरहेको छ ।

### विहादी गाउँपालिका

- स्वास्थ्य शाखा तथा संस्था प्रमुखहरूको नियमित मासिक समिक्षा वैठक र डाटा भेरिफिकेसन सम्पन्न ।
- आ.व. २०८२/०८३ को स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- विहादी गाउँपालिका स्वास्थ्य शाखाको आयोजना र प्रदेश जनस्वास्थ्य कार्यालयको समन्वयमा नियमित खाेपमा विद्यालय केन्द्रित HPV खोप कार्यक्रमको पालिका स्तरीय स्वास्थ्य संस्था प्रमुखहरूको अभिमुखीकरण तथा योजना गोष्ठी सम्पन्न ।
- डेंगु रोग नियन्त्रणको लागि स्वास्थ्य शाखाको आयोजनामा सबै स्वास्थ्य संस्था तथा वडाको समन्वयमा समुदाय स्तरमा लामखुट्टेको बासस्थान खोजी तथा लार्भा खोज र नष्ट गर अभियान सञ्चालन एव Sep २५ विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा कर्यक्रम संचालन ।

- मोदी गाउँपालिकालाई बाल मैत्री स्थानिय शाशनयुक्त गाउँपालिका घोषणा कार्यक्रमका लागी स्वास्थ्य तर्फ सम्पन्न गर्नुपर्ने सम्पुर्ण कार्य सम्पन्न भएको ।

## महाशिला गाउँपालिका

- स्वास्थ्य शाखा तथा संस्था प्रमुखहरूको नियमित मासिक बैठक साथै डाटा भेरिफिकेसन सम्पन्न ।
- HPV खोप कार्यक्रम सम्वन्धी पालिका स्तरिय अभिमुखिकरण सम्पन्न ।
- विद्यालय स्वास्थ्य शिक्षा कर्यक्रम संचालन ।
- डेंगी रोग सम्वन्धी सचेतना कर्यक्रम संचालन ।
- श्रावण महिनामा सम्पादित विभिन्न सुचकहरुको आधारमा उत्कृष्ट स्वास्थ्य संस्था घोषणा साथै पुरस्कार प्रदान ।




## जलजला गाउँपालिका

- आर्थिक वर्ष २०८२/०८३ को स्थानीय तह स्तरीय वार्षिक स्वास्थ्य समीक्षा कार्यक्रम सम्पन्न गरी उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्थाहरूलाई पुरस्कृत तथा सम्मान गरिएको।
- पालिका स्तरमा HPV खोपसम्बन्धी अभिमुखीकरण तथा योजना गोष्ठी सञ्चालन गरी लक्षित किशोरीहरूलाई HPV खोप प्रदान गर्ने सम्बन्धमा आवश्यक योजना, समन्वय तथा कार्यान्वयनका विषयमा छलफल गरिएको।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूमा स्वास्थ्यसम्बन्धी ज्ञान, सकारात्मक व्यवहार तथा स्वास्थ्य सचेतना अभिवृद्धि गरिएको।

## फलेवास नगरपालिका

- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा मिति २०८३/०५/०५ गते “आ.व. २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय समिक्षा गोष्ठी कार्यक्रम” सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा सम्पूर्ण स्वास्थ्य संस्थाद्वारा “डेंगी रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी र लार्भा खोज तथा नष्ट गर अभियान साथै विधालयस्तरमा डेंगी रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम” सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजना तथा प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको सहजीकरणमा मिति २०८३/०५/१८ गते “आ.व. २०८३/८४ मा एच.पि.भि. खोप कार्यक्रम संचालन सम्बन्धमा स्थानीय तहको अभिमुखीकरण तथा योजना गोष्ठी कार्यक्रम” सम्पन्न भएको छ।

**प्रकाशित मितिः २०८३ आश्विन १**

- NCCDC को आयोजना तथा स्वास्थ्य शाखा फलेवास नगरपालिकाको समन्वयमा २०८३/०५/२४ गते “WASH-FIT सम्बन्धी नीतिगत छलफल कार्यक्रम” सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा मिति २०८३/०५/२५ देखि २७ गतेसम्म “स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि PAMS V2 र eHMIS सम्बन्धी तिन दिने तालिम कार्यक्रम” सम्पन्न भएको छ।

